# प्राथमिक तहमा मुसहर बालबालिकाहरुको सहभागिता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड.) को आवश्यकता पुरा
गर्ने प्रयोजनको लागि प्रस्तुत

**शोध-पत्र**


शोधकर्ता

**यादव प्रसाद घिमिरे**

क्याम्पस क्रमाङ्क १०० / ०६५

परीक्षा क्रमाङ्क : २३३००९०

त्रि.वि.वि. दर्ता नं. १३६७-९२

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली,


२०६९

त्रिभुवन विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त

# सिन्धुली बहुमुखी क्याम्पस

कमलामाइ-९, सिन्धुली

# Sindhuli Multiple Campus

Kamalamai-9, Sindhuli

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम्.एड्. दोस्रो वर्षका विद्यार्थी यादव प्रसाद घिमिरेले **प्राथमिक तहमा मुसहर बालबालिकाहरुको सहभागिता** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । निकै मेहनत र परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनको लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

.............................

भागवत थापा

शोध निर्देशक

शैक्षिक योजना तथा

व्यवस्थापन विभाग

सिन्धुली बहुमुखी क्याम्पस,

सिन्धुली

त्रिभुवन विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त

# सिन्धुली बहुमुखी क्याम्पस

कमलामाइ-९, सिन्धुली

# Sindhuli Multiple Campus

Kamalamai-9, Sindhuli

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत, स्नातकोत्तर तह (एम्. एड्.) दोस्रो वर्ष परीक्षा क्रमाङ्क : २३३००९० का परीक्षार्थी यादव प्रसाद घिमिरेले शैक्षिक योजना तथा व्यवस्थापन विषयको आवश्यकता परिपूर्तिका लागि प्रस्तुत **प्राथमिक तहमा मुसहर बाल-बालिकाको सहभागिता** शीर्षकमा तयार पारिएको शोधपत्रलाई आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरीएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | भागवत थापा | विभागीय प्रमुख/शोध निर्देशक | ........................ |
| २. | शारदामणि खड्का | क्याम्पस प्रमुख/सदस्य | ........................ |

## कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तहको आवश्यक्ता पुरा गर्नको लागि **प्राथमिक तहमा मुसहर बालबालिकाहरुको सहभागिता** अध्ययन शिर्षकमा शोध कार्य सम्पन्न गरी यो शोधपत्र तयार पारिएको हो । शोध प्रस्ताव स्वीकृत गरी यो विषयमा शोध कार्य गर्ने अवसर प्रदान गरेकोमा सिन्धुली बहुमुखी क्याम्पस प्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत अनुसन्धानको प्रस्तावना लेखन देखि शोधपत्रको अन्तिम लेखाइ सम्म सहयोग, सल्लाह एवम् निर्देशन प्रदान गर्नुहुने शोध निर्देशक भागवत थापा प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसै गरी आवश्यक सल्लाह सुझाव मार्गदर्शन एवम् प्रोत्साहन उपलब्ध गराई कार्य सम्पन्न गर्न सहयोग पुऱ्याइ शोधपत्र तयार पार्ने वातावरण सृजना गरीदिने र स्वीकृति प्रदान गर्ने क्याम्पस प्रमुख शारदामणी खड्का प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै शोध अध्ययनको विभिन्न चरणमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग उपलब्ध गराइ सहयोग पुऱ्याउनु हुने सन्तोष घिमिरे प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयार पार्ने सिलसिलामा प्रश्नावली, अन्तरवार्ता तथा छलफलमा सहभागी हुनुहुने सम्बन्धीत विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रति कृतज्ञता ज्ञापन गर्दछु । आफ्नो अमूल्य समय, श्रम, धन,मन खर्च गरी उच्च शिक्षा प्राप्त गर्न अवसर एवम् प्रेरणा दिनुहुने परम पूजनीय आमा-बाबु र परिवार सदस्यहरु प्रति ऋणी छु अध्ययन गर्ने क्रम्मा सहयोग गर्नुहुने मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी कतिपनि झन्झट नमानी समयमा नै शोधपत्र टाईपिङ्ग गरी सहयोग गर्नुहुने श्री इन्द्र कुमार चौधरी लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**शोधकर्ता**
यादव प्रसाद घिमिरे

## शोधसार

**प्राथमिक तहमा मुसहर बालबालिकाहरुको सहभागिता** नामक शीर्षक राखेर तयार गरीएको हो । यो शीर्षक रहेको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र शंकाय अन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितिय बर्षको आंशिक उद्देश्य परिपूर्तिको लागि तयार पारिएको छ । यस अध्ययनका उद्देश्यहरु यस प्रकार रहेका छन् ।

प्राथमिक तहमा मुसहर समुदायका बालबालिकाहरुको भर्ना र उपस्थितिको अवस्था पत्ता लगाउने । कक्षा क्रियाकलापमा कस्तो सहभागिताको अवस्था रहेको छ केलाउनु रहेको थियो भने मुसहर बालबालिकाहरुको शिक्षामा देखिएका सहभागितासँग सम्बन्धीत समस्याहरुको पहिचान र त्यसका सामाधानका बारे सुझावहरु पेश गर्ने रहेको थियो ।

यो अध्ययनको उद्देश्य पुरा गर्नको लागि सर्लाही जिल्लामा रहेको हरिपुर स्रोत केन्द्रका विद्यालयहरु मध्ये ३ वटा विद्यालयका कक्षा ४ र ५ मा पढ्ने ३-३ जना मुसहर छात्र-छात्राहरु, प्रत्येक कक्षाका कक्षा शिक्षक, विद्यालय व्यवस्थापनका पदाधिकारीहरुलाई नमुना छनोटको रुपमा लिइएको थियो । विद्यालयमा मुसहर बालबालिकाको भर्ना संख्या, उपस्थिति र कक्षा छोड्ने दरको तथ्याङ्क संकलन गर्न तथ्याङ्क रेकर्ड फारमको र विभिन्न व्यक्तिहरुसँग राय लिन अवलोकन फारम र बन्द प्रश्नावली प्रयोग गरेको थियो ।

अध्ययनको लागि क्षेत्रको नमुना छनोट गर्दा जिल्ला शिक्षा कार्यालय सर्लाहीसँग सम्पर्क राखि भर्नादर र कम शैक्षिक स्तर रहेको झण्डै सदरमुकामबाट ३० कि.मी. टाँढा रहेको सर्लाही जिल्ला जब्दी गा.वि.स. वार्ड नं.-१, ६ र ९ मा पर्ने मुसहर बस्तिमा रहेका ३ वटा विद्यालयलाई छनौट गरीएको थियो ।

यो अध्ययन प्राथमिक स्रोतका तथ्याङ्कहरु र आवश्यक ठाउँमा द्वितिय स्रोतका तथ्याङ्कहरुको आधारमा गरीएको थियो । अभिभावक, बालबालिका, प्र.अ., कक्षा शिक्षक, जि.शि.का., तथा

आवश्यकता अनुसार उद्देश्यमूलक छनोट विधीको प्रयोग गरी प्रश्नावली र अन्तरवार्ता द्वारा तथ्याङ्क संकलन गरीएको थियो । अध्ययन अनुसन्धानको क्रममा अवलोकनको आधारमा डायरी टिपोर्ट गरीएको थियो ।

अध्ययन प्रतिवेदन नतिजा अनुसार धेरै जस्तो मुसहर बालबालिकाहरु विद्यालय भन्दा बाहिर छन् । विद्यार्थीको विद्यालय नियमिततामा कमी छ । विद्यालय छोड्ने दर बढी छ र अभिभावकहरु निरक्षर छन् भन्ने कुरा थाहा भएको थियो ।

मुख्य कारक तत्वमा बेरोजगारी, गरीबी, अशिक्षा र अभिभावकहरुको प्रवृतिको कारणले बालबालिकाको शिक्षामा पहुँच न्यून रहेको देखियो । बालबालिकालाई घरेलु काममा संलग्न गराइएको पाइएको छ । शिक्षा प्रति अभिभावकहरुमा चेतनाको कमी पाइएको छ । अध्ययनका आधारमा मुसहर बसोबास गरेको बस्तीमा सघन रुपमा जनचेतनात्मक कार्यक्रम गर्नु पर्दछ । अभिभावकहरुको लागि अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । सरकारी र गैर-सरकारी निकायहरुबाट मुसहरहरुको रोजगारीका लागि कार्यक्रमहरु ल्याउनु पर्दछ । बालबालिकाहरुको लागि छुट्टै शिक्षा नीति ल्याउनुपर्ने आदि सिफारिस गर्दै विभिन्न सुझावहरु दिइएको छ ।

# बिषय सूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता

शोधसार

विषयसूची

## परिच्छेद : एक

## परिचय

| | |
|---|---|
| | पृष्ठ |
| | १-८ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या/कथन | २ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ शोध प्रश्नहरु | ६ |
| १.६ अध्ययनको परिसीमाहरु | ७ |
| १.७ अध्ययनमा प्रयोग भएका शब्दहरुको अर्थ | ८ |

## परिच्छेद : दुई

## सम्बन्धीत साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

| | |
|---|---|
| | ९-१५ |
| २.१ सम्बन्धीत साहित्यको सिंहावलोकन | ९ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३ शैक्षिक उपादेयता | १५ |

## परिच्छेद : तीन

### अध्ययनको विधि

१६-१९

३.१ अनुसन्धान ढाँचा १६

३.२ जनसंख्या १६

३.३ नमुना छनौट १७

३.४ तथ्याङ्कका स्रोतहरु १७

३.५ अध्ययन साधनको छनौट र परीक्षण १७

३.६. तथ्याङ्क संकलन प्रक्रिया १८

३.७. तथ्याङ्कको व्याख्या र विश्लेषण १९

## परिच्छेद : चार

### तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

२०-३८

४.१. छनौट गरीएका विद्यालयका जातिगत विवरण २०

४.२. मुसहर जाति तथा गैर-मुसहर विद्यार्थीहरुको कक्षा कृयाकलापमा सहभागिता २५

४.३. नमुनामा परेका विद्यालयहरुमा मुसहर विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने अवस्था २७

४.४.मुसहर विद्यार्थी र अन्य(बाहुन, क्षेत्री) विद्यार्थीहरुको प्राथमिक तहमा उत्तीर्ण र अनुत्तीर्ण संख्या २८

४.५. मुसहर बालबालिकाको कक्षा छोड्ने दर ३०

४.६. विद्यालय छोड्ने कारण र तिनमा देखिएका सामाजिक सांस्कृतिक प्रभाव ३०

४.७ विद्यालयसँग सम्बन्धित कारणहरु ३२

४.८. प्राथमिक तहमा मुसहर छात्र-छात्राहरुको विद्यालय छोड्ने प्रवृत्ति ३३

४.९. प्राथमिक तहमा बालबालिकाको विद्यालयमा नियमित नहुनुको कारण र सामना गर्नु परेका समस्याहरु ३३

४.१०.अध्ययन छनौटमा परेका विद्यालय, प्र.अ. र विद्यालय विद्यालय व्यवस्थापन समितिका

नामावली विवरण ३६
४.११. मुसहर समुदायमा पर्ने विभिन्न जातहरुको विवरण ३६
४.१२. मुसहर बालबालिकाको शैक्षिक सहभागिता बढाउनका लागि सरकारी संस्थाहरुले खेलेको भूमिका ३६

**परिच्छेद : पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव**

३९-४२
५.१ प्राप्ति ३९
५.२ निष्कर्ष ४०
५.३ सुझावहरु ४०

**सन्दर्भ सामग्री** ४२
**अनुसूचीहरु**